# प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क



२०७१

सेन्टर फर मिडिया रिसर्च-नेपाल

# प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क



# २०७९

सेन्टर फर मिडिया रिसर्च-नेपाल, काठमाडौँद्वारा प्रकाशित

Center *for* Media Research NEPAL

प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क
अनुसन्धान : तिलक पाठक, ऋषिकेश दाहाल, भुवन केसी, उज्वल प्रजापति
अनुसन्धान सहयोगी : चेतना कुँवर
भाषा : रघुनाथ लामिछाने

प्रकाशित मिति : २०७९, कात्तिक

Center *for* Media Research NEPAL
सेन्टर फर मिडिया रिसर्च-नेपाल, काठमाडौँ
वेब : http:/research.butmedia.org
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmedia.org

ISBN : 978-9937-1-3106-3

लेआउट तथा कभर डिजाइन : बिक्रम चन्द्र मजुमदार

यो पुस्तक क्रियटिभ कमन्स CC BY 4.0 अन्तर्गत प्रकाशन गरिएको छ।
यसका सामग्रीहरू स्रोत उल्लेख गरेर र मूल कुरा फरक नपर्ने गरी पुनः
प्रकाशन गर्न पाइन्छ।

## हाम्रो भनाइ

विचार र अभिव्यक्ति, प्रेस तथा नागरिक स्वतन्त्रताबिना लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गर्न सकिँदैन। लोकतान्त्रिक व्यवस्था भएका मुलुकहरूमा यी स्वतन्त्रता तथा अधिकारहरूलाई संविधान तथा नियम/कानुनमा कुनै न कुनै रूपमा प्रत्याभूत गरिएको हुन्छ। संविधान, नियम/कानुन तथा दस्ताबेजहरूमा उल्लेख गरिएका अधिकारहरूको व्यावहारिक कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो।

नेपालको संविधानको धारा १७ मा स्वतन्त्रताको हक र धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ। त्यस अतिरिक्त मिडिया र नागरिक अधिकारसम्बन्धी विभिन्न नीति तथा कानुनहरू पनि अभ्यासमा छन्। मुलुक सङ्घीयतामा गएपछि सङ्घ, प्रदेश र स्थानीय तहले पनि मिडिया र नागरिक अधिकारसम्बन्धी कानुन बनाइसकेका छन् भने केही कानुन बन्ने क्रममा छन्।

संविधान तथा नियम/कानुनमा वाक् तथा अभिव्यक्ति, प्रेस तथा नागरिकका अधिकारहरूको व्यवस्था गरिए पनि तिनीहरूको कार्यान्वयन अवस्थाबारे सम्बन्धित पक्षहरूको धारणा तथा बुझाइ के/कस्तो छ भन्नेबारे सर्वेक्षण गर्नुका साथै व्यवस्थित अध्ययन गरेको पाइँदैन। अभिव्यक्ति, प्रेस तथा नागरिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय विभिन्न संस्थाले पनि मापदण्ड बनाएर मूल्याङ्कन गर्ने गरेको परिप्रेक्ष्यमा नेपालमा प्रेस तथा नागरिक स्वतन्त्रताको अवस्था पहिचान गर्न यो सर्वेक्षणमार्फत मूल्याङ्कन गरिएको हो।

यो सर्वेक्षणमा सहयोग पुऱ्याउनुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**तृष्णा आचार्य**
अध्यक्ष
सेन्टर फर मिडिया रिसर्च-नेपाल

# विषयसूची


**परिचय** . . . . . . १

नागरिक स्वतन्त्रता . . . . . . १

**अनुसन्धान विधि** . . . . . . ३

**प्रेस तथा नागरिक स्वतन्त्रतामाथि हस्तक्षेपको अवस्था** . . . . . . ४

थोरै हस्तक्षेप . . . . . . ४

सङ्घीय सरकारबाट नागरिक स्वतन्त्रतामा हस्तक्षेप . . . . . . ५

प्रदेश तथा स्थानीय तहमा हस्तक्षेपका किसिम . . . . . . ७

आक्रमणका घटना र संलग्नता . . . . . . ८

सूचनामा पहुँच . . . . . . ९

मिडियासम्बन्धी कानुनको मूल्याङ्कन . . . . . . ११

निजी सञ्चार माध्यमको राज्यप्रतिको निर्भरता . . . . . . १४

अनुदानका कारण सामग्रीमा सम्झौता . . . . . . १४

सरकार र मिडियाबीचको सम्बन्ध . . . . . . १५

सरकारी अधिकारीहरूको समर्थनमा केही मिडिया . . . . . . १६

मिडिया स्वतन्त्रताको अवस्था . . . . . . १७

पत्रकारका व्यवहारले वस्तुनिष्ठतामा प्रश्न . . . . . . १८

खोज पत्रकारिता र सेल्फ सेन्सरसिपको अवस्था . . . . . . १९

खोज पत्रकारिता र पत्रकारको सुरक्षा . . . . . . २०

सामाजिक संस्थासम्बन्धी कानुनको मूल्याङ्कन . . . . . . २२

सामाजिक संस्थाहरूलाई कार्यक्रम गर्ने वातावरण . . . . . . २५

**निष्कर्ष** . . . . . . २८

# परिचय

प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क-२०७९, नेपालको प्रादेशिक स्तरमा प्रेस तथा नागरिक स्वतन्त्रताबारे सङ्ख्यात्मक मूल्याङ्कनका आधारमा तयार पारिएको प्रतिवेदन हो । यो प्रतिवेदन अन्तर्राष्ट्रिय स्तरमा स्वतन्त्रताबारे तयार पारिएको प्रतिवेदनको अनुसन्धान विधि र प्रश्नावलीको अध्ययन र प्रयोगका आधारमा नेपालमा प्रादेशिक स्तरमा प्रेस र नागरिक स्वतन्त्रताको अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले तयार पारिएको हो ।

नेपालको संविधानको भाग ३ मा नागरिक स्वतन्त्रताको अधिकारसहित सञ्चारको हक अधिकार सुरक्षित गरिएको छ । तर संवैधानिक प्रावधानमा उल्लिखित नागरिक स्वतन्त्रताको हक बेलाबखतमा राज्य संयन्त्रबाट सङ्कुचित हुने गरेको नेपाल पत्रकार महासङ्घलगायतका संस्थाहरूको प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । यसैगरी नेपाल सङ्घीय राज्य प्रणालीमा गएपछि सङ्घ, प्रदेश र स्थानीय तहमा पाँच वर्षयता नागरिक स्वतन्त्रताको अवस्थामा सुधार भएको छ वा सङ्कुचनमा परेको छ भन्ने अवस्था पहिल्याउन यो प्रयास गरिएको हो । ३ तहका सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका कानुन निर्माणका प्रक्रियालाई तीव्रता दिएका छन् । अधिकार बाँडफाँट गर्दा नागरिक स्वतन्त्रताका अधिकार हनन् हुने कानुन पनि निर्माण भइरहेको अवस्थामा प्रादेशिक हिसावले नागरिक स्वतन्त्रताको मूल्याङ्कन गरिएको हो ।

नागरिक स्वतन्त्रता गतिविधि, सञ्चार माध्यममा हस्तक्षेप, आक्रमण, कानुनद्धारा नियन्त्रण जस्ता प्रयास भइरहेको सन्दर्भमा यी विषयमा ७ वटा प्रदेशको समष्टिगतरूपमा मूल्याङ्कन गरिएको हो । विशेषगरी सङ्घ/संस्थाहरू खोल्ने, शान्तिपूर्ण भेला गर्ने, अभिव्यक्ति स्वतन्त्रता जस्ता नागरिकको अधिकार र यसप्रति राज्यको हस्तक्षेपका विषयमा पनि मूल्याङ्कन गरिएको छ । यो प्रतिवेदन मूलतः प्रेस स्वतन्त्रता र नागरिक स्वतन्त्रताको अवस्थामा केन्द्रित छ ।

## नागरिक स्वतन्त्रता

नागरिक स्वतन्त्रता लोकतान्त्रिक समाजको आधारस्तम्भ हो । लोकतान्त्रिक समाज भएको ठाउँमा नागरिक सामाजिक सङ्घ/संस्थाहरूमार्फत सङ्गठित हुन सक्छन् । कुनै बाधा व्यवधानविना नै सञ्चार गर्न सक्छन्, आफ्नो अधिकार दाबी गर्न पनि सक्छन् । यस्तै कुनै पनि राजनीतिक एवं सामाजिक गतिविधि गर्न पनि स्वतन्त्र हुन्छन् । यस्तो अवस्था त्यस्तो राज्यमा सम्भव हुन्छ जहाँ राज्यले आफ्ना नागरिकको मौलिक हकको सम्मान र संरक्षण गरेको हुन्छ ।

पछिल्लो समय मिडिया स्वतन्त्रता र सामाजिक सङ्घ/संस्थाका क्रियाकलाप सरकारी र गैरसरकारी क्षेत्रको चासोको विषय बनेको छ । मिडिया स्वतन्त्रता हुनुका साथै विभिन्न सङ्घ/संस्थाले निर्वाधरूपमा आफ्ना क्रियाकलाप सञ्चालन गर्ने वातावरण भएमात्र लोकतान्त्रिक अभ्यासले फस्टाउने अवसर पाउँछ । मिडिया सरकारी हस्तक्षेपबाट स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता प्रेस स्वतन्त्रताको अवधारणा नै हो ।[१] विश्वभर प्रेस स्वतन्त्रताबारे ३ वटा महत्त्वपूर्ण पक्षमा चर्चा गरिएको छ : मिडियामा सापेक्षरूपमा सरकारको

१ Siebert, F.S., T. Peterson and W. Schramm. 1956. *Four Theories of the Press*. Urbana: University of Illinois Press.

नियन्त्रण नभएको, सापेक्षरूपमा गैरसरकारी नियन्त्रण नभएको र दर्शकहरूको विविध विचार र सुझावको प्रसारलाई आवश्यक सर्तका रूपमा लिइएको छ।[२]

यसैगरी, प्रेस स्वतन्त्रतालाई पुरातन उदार (classical liberal) र क्रान्तिकारी लोकतान्त्रिक (radical democratic) दृष्टिकोणबाट बुझ्ने कोसिस पनि गरेको पाइन्छ।[३] पुरातन उदार दृष्टिकोण मिडियाले प्रकाशन र प्रसारण गर्ने स्वतन्त्रतामा केन्द्रित हुन्छ भने क्रान्तिकारी लोकतान्त्रिक धार आमसञ्चार माध्यमले कसरी समाजबीचको द्वन्द्व र प्रतिस्पर्धालाई न्यायोचितरूपमा मध्यस्थता गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित हुन्छ। जेम्स कुरानका अनुसार मिडियाको कर्तव्य जनतालाई राज्यको दुरुपयोगबाट जोगाउनु हो। समाजमा रहेको असन्तुलन हटाउनु मिडियाको अर्को कर्तव्य हो। यस्तै डेनिस म्याक्वेलका अनुसार मिडिया स्वतन्त्र हुनुका साथै पर्याप्तरूपमा विचार र सार्वजनिक अभिव्यक्तिको सुरक्षा हुनुपर्छ।[४]

प्रेस स्वतन्त्रताका विषयमा विज्ञहरूको भनाइ हेर्दा सरकारबाट मिडिया स्वतन्त्र रहनु, नागरिकको विविध सूचनामा पहुँच हुनु, सरकार र मिडिया उद्योगको एकाधिकारबाट स्वतन्त्र हुनु र सामाजिक तथा स्वार्थ समूहको दबाब र प्रभावबाट स्वतन्त्र हुनु हो। यस्तै नागरिक संस्था, नागरिक समाज र गैरसरकारी संस्थाको अवधारणा राज्यको समानान्तर संरचनासरह तर राज्यबाट अलग समाजका रूपमा परिकल्पना गरिएको छ।[५] नागरिक समाजको विशेषता भनेकै राज्य र बजारबाट अलग हुनु, नागरिकहरूको साझा आवश्यकता, चासो र मूल्य/मान्यताहरू, जस्तै- सहिष्णुता, समावेशी, सहयोगका लागि गठन गरिएको यस्तो समाज जो बाहिरबाट नियन्त्रण गर्न नसकियोस् भन्ने हो।[६] तर पछिल्लो समयमा 'बाह्य र दातृ सहयोगमा सरकार र राज्यको आलोचना गर्ने भनेर नागरिक समाजप्रति सङ्कुचित बुझाइ राखिएको पाइन्छ। संविधानले नै नागरिक समाज, सङ्घ/संस्था स्थापना र समग्र सिभिक स्पेसको भूमिकालाई मौलिक हकद्वारा सुनिश्चित गरिए पनि सरकारले यसको नियमन संविधानमा उल्लिखित राज्यको नीतिअन्तर्गतको एउटा बुँदालाई आधार मानेर गर्न खोजेको कतिपय नीतिगत प्रबन्ध, निर्णय र कार्यविधिबाट देखिन्छ।'

यस्तो अवस्थामा राज्य संयन्त्रबाट नागरिक स्वतन्त्रता गतिविधिमा के/कस्तो हस्तक्षेप भएको छ ?, सञ्चार माध्यममा के/कस्ता हस्तक्षेप भएका छन् ?, कानुनद्वारा नियन्त्रणको प्रयास के/कस्ता छन् ?, सङ्घ/संस्थाहरू खोल्नदेखि शान्तिपूर्ण भेला गर्ने अधिकार र नागरिकका अभिव्यक्ति स्वतन्त्रतामा राज्यबाट के/कस्तो नियन्त्रण भएका छन् ? जस्ता विषयको खोजी गर्ने उद्देश्यले यो अध्ययन प्रतिवेदन तयार पारिएको हो।

---

२ Weaver, D. 1977. The Press and Government Restriction: A Cross-National Study Over Time', *Gazette* 23: 152–70.

३ Curran, J. 1996. 'Media and Democracy: The Third Route', pp. 53–76 in M. Bruun (ed.) *Media and Democracy*. Oslo: University of Oslo Press.

४ McQuail, D. 2000. *McQuail's Mass Communication Theory,* 4th edn. London: Sage.

५ Carother, T. 1999. Aiding Democracy Abroad: The Learning Curve. Washington DC: Carnegie Endowment for International Peace.

६ Pasha, AG. 2004. *Role of Civil Society Organizations in Governance*. Paper presented in 6th Global Forum on Reinventing Government Towards Participatory and Transparent Governance 24-27 May 2005, Seoul. Can be assed online: https://citeseerx.ist.psu.edu/viewdoc/download?doi=10.1.1.128.6443&rep=rep1&type=pdf

# अनुसन्धान विधि

नागरिक स्वतन्त्रताको मापन विश्वमा विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले आफ्नो उद्देश्यअनुरूप विश्वका विभिन्न देशको अवस्थाको मूल्याङ्कन गर्ने गरेको पाइन्छ। विश्वमा एक सय भन्दा बढी संस्थाले हाल मिडिया प्रणालीको अवस्था र मिडिया स्वतन्त्रताको प्रवर्द्धनका लागि मूल्याङ्कन गर्ने कार्य गरेको पाइन्छ। ती संस्थाको उद्देश्य सक्रियरूपमा मिडिया स्वतन्त्रताको प्रवर्द्धन गर्ने, मिडिया स्वतन्त्रता हननका विषयमा निगरानी गर्ने, प्रतिवेदनमार्फत मिडिया प्रणालीको मूल्याङ्कन, द्वन्द्वरत क्षेत्र र अनुदार सरकार भएको देशमा काम गर्ने पत्रकारहरूको सुरक्षामा काम गर्ने रहेको छ।

यस्तै अन्तर्राष्ट्रियरूपमा परिचित संस्थाहरू, जस्तै- संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीस्थित फ्रिडम हाउस, फ्रान्सको पेरिसस्थित रिपोर्टस सान्स् फ्रन्टियर्स (RSF), संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (CPJ), इन्टरन्यासनल सेन्टर फर नट फर प्रफिटले तयार पारेको लिगल फ्रेमवर्कस् फर सिभिल स्पेसलगायतको दस्ताबेजमा उल्लेख गरिएको मूल्याङ्कन गर्ने विधिलाई आधार बनाउँदै 'प्रेस तथा नागरिक स्वतन्त्रता सुचकाङ्क–२०७९' को विधि तयार गरिएको हो।

यसरी मूल्याङ्कन गर्दा सम्बन्धित क्षेत्रको विश्लेषकहरूको टोली, शैक्षिक, थिङ्क ट्याङ्क र मानव अधिकार समुदायका सल्लाहकारको टोली प्रयोग गरेको पाइन्छ। यी विश्लेषकहरूले तयार पारेको मानकका आधारमा स्वतन्त्रतासम्बन्धी काम गर्ने व्यक्तिहरूले अङ्क प्रदान गर्ने गर्छन्। नागरिक स्वतन्त्रतासम्बन्धी यो मूल्याङ्कन नेपालको ७ प्रदेशलाई केन्द्रमा राखेर गरिएको हो। यसका लागि विश्लेषक, सञ्चारकर्मी, मानव अधिकारकर्मीहरूलाई छनोट गरी उनीहरूको मूल्याङ्कनका आधारमा प्रदेशस्थित नागरिक स्वतन्त्रताको अवस्था निर्क्यौल गरिएको हो। सर्वेक्षणमा प्रदेश १ का ९, मधेश प्रदेशका ९, बाग्मती प्रदेशका १०, गण्डकी प्रदेशका १२, लुम्बिनी प्रदेशका १३, कर्णाली प्रदेशका ८ र सुदुरपश्चिम प्रदेशका ९ जना गरी ७० जना विज्ञहरूको सहभागिता रहेको छ।

प्रदेश तथा स्थानीय तहमा नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेपको 'रेटिङ' गर्नका लागि १ देखि १० नम्बरसम्मको स्केलिङ निर्धारण गरिएको थियो। १ ले हस्तक्षेपको मात्रा कम र १० ले पूर्ण हस्तक्षेप रहेको मान्ने गरी यी विकल्प तयार गरिएको थियो। १० सम्मको स्केलिङ भएकाले कतिपय विकल्प उस्तै उस्तै जस्तो देखिए पनि त्यसले स्वतन्त्रता मापनको घट/बढ देखाउने भएकाले १ देखि १० सम्मको स्केलिङलाई प्रयोगमा ल्याइएको हो। निर्धारित स्केलिङअनुसार १ ले 'कत्ति पनि हस्तक्षेप छैन', २ ले 'हस्तक्षेप छैन', ३ ले 'प्रायः हस्तक्षेप छैन', ४ ले 'थोरै हस्तक्षेप छ', ५ ले 'ठीकै/मध्यम हस्तक्षेप छ', ६ ले 'बढी हस्तक्षेप छ', ७ ले 'अलि बढी हस्तक्षेप छ', ८ ले 'प्रायः हस्तक्षेप छ', ९ ले 'अति नै हस्तक्षेप छ' र १० ले 'पूर्ण हस्तक्षेप छ' भन्ने कुरा देखाउँछ। यस हिसावले २ सम्मको स्केलिङले हस्तक्षेप नरहेको, ४ सम्मले थोरै मात्रामा रहेको, ६ सम्मले मध्यम र त्यसभन्दा अलि बढी हस्तक्षेप रहेको, ८ सम्मले अधिक हस्तक्षेप रहेको र १० ले पूर्ण हस्तक्षेप रहेको बुझाउँछ। यसरी प्रत्येक २-२ अङ्कमा उस्तै उस्तै जस्तो लाग्ने विकल्प उल्लेख भए पनि त्यसले स्वतन्त्रताको मापनमा भने अर्थ राख्ने भएकाले १ देखि १० सम्मको स्केलिङलाई छुट्टाछुट्टैरूपमा नै राखेर प्रस्तुत गरिएको हो। त्यसैअनुसार विज्ञहरूले पनि आफू बस्ने प्रदेश तथा स्थानीय तहमा नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेपको 'रेटिङ' गरेका हुन्।

# प्रेस तथा नागरिक स्वतन्त्रतामाथि हस्तक्षेपको अवस्था

## थोरै हस्तक्षेप


मिडियामा औषत हस्तक्षेपको अवस्था ३.३७ छ भने सामाजिक संस्थामा ३.६४ र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा ३.३९ हस्तक्षेप रहेको देखिन्छ। यस हिसावले मिडिया, सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा 'थोरै हस्तक्षेप' रहेको देखिन्छ। मिडियामा मधेस (३.७८), गण्डकी (३.५८), लुम्बिनी (३.३८) र कर्णाली (४.२५) मा औषत भन्दा बढी हस्तक्षेप भएको देखिन्छ। सामाजिक संस्थाको सवालमा वाग्मती (४.२) र कर्णाली (४.३८) प्रदेशमा औषत (३.६४) भन्दा बढी हस्तक्षेप भएको देखिन्छ। अन्य सबै प्रदेशमा हस्तक्षेपको मात्रा औषत भन्दा कम छ। त्यस्तै सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामाथिको हस्तक्षेपको औषत ३.३९ भएकोमा मधेस (३.८९) र कर्णाली (४.३८) प्रदेशमा भएको हस्तक्षेपको मात्रा औषत भन्दा ज्यादा छ। अन्य प्रदेशमा भने हस्तक्षेपको मात्रा औषत भन्दा कम भएको देखिन्छ। मिडियामा कर्णाली प्रदेश, सामाजिक संस्थाको सवालमा वाग्मती र कर्णाली प्रदेश एवं सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामाथि कर्णाली प्रदेशमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको देखिन्छ। सबै सूचकाङ्कले अन्य प्रदेशको तुलनामा कर्णालीलाई अनुदार देखाएको छ।

प्रदेश नं. १, वाग्मती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा मिडियाको तुलनामा सामाजिक संस्थामाथिको हस्तक्षेप ज्यादा छ भने मधेस र गण्डकी प्रदेशमा सामाजिक संस्थाको तुलनामा मिडियामाथिको हस्तक्षेप बढी रहेको देखिन्छ। औषतमा सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा भन्दा सामाजिक संस्थाप्रति हस्तक्षेप भएको देखिन्छ। यसको मतलव सामाजिक संस्थाप्रति त्यहाँको सरकार नीतिगतरूपमा अनुदार भए पनि व्यावहारिकरूपमा सामाजिक कार्यकर्ताहरूले अभ्यास गरिरहेको देखिन्छ। तर मधेस प्रदेशमा भने सामाजिक संस्था (३.४४) को तुलनामा सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रता (३.८९) मा बढी हस्तक्षेप हुनुले त्यो प्रदेशमा सामाजिक कार्यकर्ताहरूले फिल्डमा काम गर्दा ज्यादा असजिलो भोग्नुपरेको अवस्था देखाउँछ।

### तालिका १ : स्थानीय र प्रदेश तहबाट नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेप

| हस्तक्षेपको मात्रा | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| मिडियामा हस्तक्षेप | ३.३७ | २.६७ | ३.७८ | ३.२ | ३.५८ | ३.३८ | ४.२५ | २.७८ |
| सामाजिक संस्थामा हस्तक्षेप | ३.६४ | ३.३३ | ३.४४ | ४.२ | ३.४२ | ३.४६ | ४.३८ | ३.४४ |
| शिक्षाविद् र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रमा हस्तक्षेप | ३.३९ | २.७८ | ३.८९ | ३.३ | ३.३३ | ३.३१ | ४.३८ | २.८९ |

लेखाचित्र १ : स्थानीय र प्रदेश तहबाट नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेप




## सङ्घीय सरकारबाट नागरिक स्वतन्त्रतामा हस्तक्षेप

केन्द्र सरकारबाट मिडियामा औषतमा ३.४९, सामाजिक संस्थामा ३.५६ र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा ३.३४ हस्तक्षेप भएको देखिन्छ। यो तथ्याङ्कले केन्द्र सरकार मिडिया भन्दा सामाजिक संस्थाप्रति अलि बढी अनुदार भएको पाइन्छ। यसरी सङ्घीय सरकारबाट पनि मिडिया, सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा 'थोरै हस्तक्षेप' भएको बुझाइ छ।

प्रदेश नं. १, मधेस र वाग्मती प्रदेशमा मिडियाप्रति केन्द्र सरकारको हस्तक्षेप औषत भन्दा कम रहेको पाइन्छ भने गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा केन्द्र सरकारको हस्तक्षेप औषत भन्दा बढी रहेको देखिन्छ। मिडियाप्रति केन्द्र सरकारको हस्तक्षेप सबै भन्दा कम प्रदेश नं. १ मा (१.८९) र सबै भन्दा बढी सुदूरपश्चिम प्रदेशमा (४.८९) रहेको देखिन्छ। चाखलाग्दो पक्ष के छ भने प्रदेश नं. १ बाट प्रदेश नं. ७ (सुदूरपश्चिम) तिर केन्द्र सरकारको मिडियाप्रतिको हस्तक्षेपको मात्रा पनि बढ्दै गएको देखिन्छ। यसरी सुदूरपश्चिम प्रदेशमा मिडियाप्रति सङ्घीय सरकारको हस्तक्षेप मध्यमस्तरको रहेको बुझाइ पाइन्छ।

सामाजिक संस्थाको सवालमा केन्द्र सरकारको हस्तक्षेपको मात्रा गण्डकी (३.७५) र लुम्बिनीमा (४) औषत (३.५६) भन्दा ज्यादा, सुदूरपश्चिममा बराबरी (३.५६) र अन्य प्रदेशहरू (प्रदेश नं. १, मधेस, वाग्मती र कर्णाली) मा औषत भन्दा कम रहेको पाइन्छ।

केन्द्र सरकारबाट सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा हस्तक्षेपको औषत मात्रा ३.३४ रहेको छ। विभिन्न प्रदेशसँग तुलना गर्दा मधेस (३.५६), गण्डकी (३.४२) र लुम्बिनी (३.६५)मा केन्द्र सरकारबाट सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा भएको हस्तक्षेपको मात्रा औषत भन्दा ज्यादा छ भने अन्य प्रदेशहरूमा औषत भन्दा कम रहेको देखिन्छ।


केन्द्र सरकारले विभिन्न प्रदेशमा मिडिया र सामाजिक संस्थामा गरेको हस्तक्षेपलाई तुलना गरेर हेर्दा प्रदेश नं. १, मधेस र लुम्बिनी प्रदेशमा मिडियामा भन्दा सामाजिक संस्थामा ज्यादा हस्तक्षेप भएको पाइयो भने वाग्मती र गण्डकी प्रदेशमा मिडिया र सामाजिक संस्था दुवैप्रतिको हस्तक्षेपको मात्रा बराबरी रहेको पाइयो। त्यस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मिडियाको तुलनामा सामाजिक संस्थाप्रति केन्द्र सरकारको हस्तक्षेपको मात्रा कम रहेको देखिन्छ।

मधेस प्रदेशमा मात्रै सामाजिक संस्था (३.३३) को तुलनामा सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा (३.५६) केन्द्र सरकारबाट ज्यादा हस्तक्षेप भएको देखिन्छ। कर्णाली प्रदेशमा सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रता दुवैमा केन्द्र सरकारको हस्तक्षेपको मात्रा बराबरी (३.२५/३.२५) रहेको छ। अन्य प्रदेशमा भने सामाजिक संस्थाको तुलनामा सामाजिक कार्यकर्ताप्रति केन्द्र सरकारको हस्तक्षेपको मात्रा कम रहेको पाइन्छ।

## तालिका २: केन्द्र सरकारबाट नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेप

| केन्द्र सरकारबाट नागरिक स्वतन्त्रता गतिविधिमा हस्तक्षेप | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| मिडियामा हस्तक्षेप | ३.४९ | १.८९ | ३ | ३.३ | ३.७५ | ३.७७ | ३.६३ | ४.८९ |
| सामाजिक संस्थामा हस्तक्षेप | ३.५६ | ३.४४ | ३.३३ | ३.३ | ३.७५ | ४ | ३.२५ | ३.५६ |
| शिक्षाविद् र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रमा हस्तक्षेप | ३.३४ | ३.११ | ३.५६ | ३.१ | ३.४२ | ३.६२ | ३.२५ | ३.२२ |

लेखाचित्र २: केन्द्र सरकारबाट नागरिक स्वतन्त्रता गतिविधिमा भएको हस्तक्षेप



# प्रदेश तथा स्थानीय तहमा हस्तक्षेपका किसिम

प्रदेश तथा स्थानीय तहमा भएका हस्तक्षेपका विभिन्न कार्यका विषयमा समेत प्रश्न सोधिएको थियो। पत्रकारले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भोगेको अनुभव औषतमा १.२९ रहेको छ। यस किसिमको अनुभव प्रदेश नं. १ (१.३३), वाग्मती (१.३०) गण्डकी (१.३३), लुम्बिनी (१.३८) र कर्णाली (१.३८) मा औषत भन्दा ज्यादा रहेको छ भने मधेस र सुदूरपश्चिम प्रदेशमा औषत भन्दा कम छ। पत्रकारले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भोगेको अनुभव औषतमा र प्रदेशपिच्छे पनि २ भन्दा तलकै स्कोर रहेकाले यो सवालमा हस्तक्षेप नभएको देखिन्छ।

पत्रकारले भन्दा सामाजिक कार्यकर्ताले हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणको अनुभव धेरै भोग्नुपरेको देखिन्छ। सामाजिक कार्यकर्ताले भोग्नुपरेको यस्तो अनुभव औषतमा १.४७ रहेको छ। वाग्मती (१.५), लुम्बिनी (१.५४) र कर्णाली (१.७५)मा यस्तो उत्पीडनको अनुभव औषत भन्दा धेरै छ भने प्रदेश नं. १, मधेस, गण्डकी र सुदुरपश्चिममा औषत भन्दा कम छ। तथ्याङ्कले पत्रकारले भन्दा सामाजिक कार्यकर्ताले हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणको अनुभव धेरै भोग्नुपरेको देखाए पनि त्यस्तो स्कोर २ भन्दा तल नै रहेकाले यो सवालमा खासै हस्तक्षेप नभएको देखिन्छ।


पत्रकार र सामाजिक कार्यकर्ताले भन्दा ब्लगर र युट्युबरहरूले भोगेको हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणको अवस्था अझ बढी छ। ब्लगर र युटबरहरूले भोगेको हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणको मात्रा औषतमा १.४९ रहेको छ। प्रदेश नं. १ (१.५६), मधेस (१.५६), वाग्मती (१.५०) र कर्णाली (१.७५) प्रदेशमा यस्तो अवस्था औषत भन्दा ज्यादा छ भने गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा यस्तो अवस्था औषत भन्दा कम छ। तथ्याङ्कले पत्रकार र सामाजिक कार्यकर्ताले भन्दा ब्लगर र युट्युबरले हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणको अनुभव धेरै भोग्नुपरेको देखाए पनि त्यस्तो स्कोर २ भन्दा तल नै रहेकाले यसलाई हस्तक्षेपका रूपमा लिन सकिँदैन।

प्रदेश तथा स्थानीय तहमा पत्रकार, सामाजिक कार्यकर्ता र ब्लगर एवं युट्युबरले हस्तक्षेप, उत्पीडन र शारीरिक आक्रमणका घटना बेहोरेका छन्। उनीहरूले बेहोरेका घटनाको अवस्था विश्लेषण गर्दा प्रदेश नं. १ मा पत्रकारले (१.३३), सामाजिक कार्यकर्ताले (१.४४), ब्लगर तथा युट्युबरले भोगेको यस्तो हस्तक्षेपको अवस्था १.४९ रहेको छ भने मधेस प्रदेशमा पत्रकारले (१.११), सामाजिक कार्यकर्ताले (१.३३) र ब्लगर एवं युट्युबरले भोगेका हस्तक्षेपको अवस्था १.५६ रहेको छ। वाग्मती प्रदेशमा भने पत्रकारले भोगेका यस्तो हस्तक्षेपको अवस्था १.३ रहेको छ भने सामाजिक कार्यकर्ता र ब्लगर एवं युट्युबरले भागेका हस्तक्षेपको स्कोर बराबरी छ। यस्तो स्कोर १.५ छ। उता गण्डकीमा भने पत्रकार र ब्लगर एवं युट्युबरले भोगेका हस्तक्षेपको अवस्था बराबरी (१.३३) छ भने सामाजिक कार्यकर्ताले भोगेका यस्तो हस्तक्षेपको अवस्था १.४२ छ। त्यस्तै लुम्बिनीमा पत्रकार, ब्लगर एवं युट्युबर र सामाजिक कार्यकर्ताले भोगेका हस्तक्षेपको अवस्था क्रमशः १.३८, १.४६ र १.५४ छ। कर्णाली प्रदेशमा पत्रकारले भोगेका हस्तक्षेपत्रको मात्रा १.३८ छ भने ब्लगर एवं युट्युबर र सामाजिक कार्यकर्ताले भोगेका हस्तक्षेपको मात्रा बराबरी (१.७५) छ। त्यस्तै सुदूरपश्चिम प्रदेशमा पत्रकारले भोगेका हस्तक्षेपको मात्रा १.११ छ भने ब्लगर एवं युट्युबर र सामाजिक कार्यकर्ताले भोगेका हस्तक्षेपको मात्रा बरावरी (१.३३) छ।

### तालिका ३: प्रदेश तथा स्थानीय तहमा भएका हस्तक्षेपका कार्य

| केन्द्र सरकारबाट नागरिक स्वतन्त्रता गतिविधिमा हस्तक्षेप | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| पत्रकारले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भोगेको अनुभव | १.२९ | १.३३ | १.११ | १.३ | १.३३ | १.३८ | १.३८ | १.११ |
| ब्लगर र युट्बरहरूले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भोगेको अनुभव | १.४९ | १.५६ | १.५६ | १.५ | १.३३ | १.४६ | १.७५ | १.३३ |
| सामाजिक कार्यकर्ताले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भोगेको अनुभव | १.४७ | १.४४ | १.३३ | १.५ | १.४२ | १.५४ | १.७५ | १.३३ |

लेखाचित्र ३: प्रदेश तथा स्थानीय तहमा भएका हस्तक्षेपका कार्य





## आक्रमणका घटना र संलग्नता

पत्रकार एवं सामाजिक कार्यकर्तामाथि हुने आक्रमणका घटना सबै भन्दा बढी सङ्घीय सरकारको उक्साहटमा हुने गरेको देखिन्छ। यस्तो मात्रा औषतमा १.७१ छ भने प्रदेश तथा स्थानीय सरकारको उक्साहटमा हुने आक्रमणका घटनाको औषत अवस्था १.५७ छ। त्यस्तै गैरराज्यका प्रतिनिधिहरूको उक्साहटमा हुने घटनाको औषत अवस्था १.४० छ। यस हिसाबले गैरराज्यका प्रतिनिधिको उक्साहटमा भन्दा स्थानीय र प्रदेश सरकारको उक्साहटमा पत्रकार एवं सामाजिक कार्यकर्तामाथि आक्रमणका घटना धेरै हुने गरेका छन् तर सबै भन्दा बढी सङ्घीय सरकारकै उक्साहटमा यस्ता घटना हुने गरेका पाइन्छ। तर चाहे गैरराज्यका प्रतिनिधिहरूको उक्साहटमा होस् वा प्रदेश तथा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको उक्साहटमा हुने यस्ता घटनाको समग्र र प्रादेशिक स्कोर पनि २ भन्दा तल रहेको सन्दर्भमा यसलाई हस्तक्षेपका रूपमा लिन सकिँदैन।

### तालिका ४: आक्रमणका घटनामा सरकार र गैरराज्यका प्रतिनिधिको संलग्नता

| आक्रमणका घटनामा संलग्नता | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| आक्रमणका घटना : सङ्घीय सरकारको उक्साहटमा भएको | १.७१ | १.६७ | १.७८ | १.६ | १.९२ | १.७७ | २ | १.२२ |
| आक्रमणका घटना : प्रदेश तथा स्थानीय सरकारको उक्साहटमा भएको | १.५७ | १.४४ | १.२२ | १.६ | २ | १.६९ | १.६ | १.२२ |
| घटना : गैरराज्यका प्रतिनिधिको उक्साहटमा भएको | १.४ | १.३३ | १.४४ | १.५ | १.४२ | १.३८ | १.५१ | १.२२ |

लेखाचित्र ४: आक्रमणका घटनामा सरकार र गैरराज्यका प्रतिनिधिको संलग्नता




# सूचनामा पहुँच

स्थानीय स्तरमा प्रदेश र स्थानीय सरकारसँगको तुलनामा सङ्घीय सरकारसँग नागरिकको सूचनामा पहुँच बढी कठिन देखिन्छ। प्रदेश र स्थानीय सरकारसँग नागरिकको सूचनामा पहुँच औषत ३.११ रहेकामा सङ्घीय सरकारसँगको यस्तो पहुँचको स्कोर ३.४७ छ। यस हिसाबले नागरिकको सूचना पहुँचमा प्रदेश र स्थानीय सरकारका साथसाथै सङ्घीय सरकारले थोरै हस्तक्षेप गरेको देखिन्छ।


सङ्घीयतर्फ प्रदेश नं. १ (३.५६), वाग्मती (३.५०), लुम्बिनी (३.५४), कर्णाली (३.६३) र सुदूरपश्चिम प्रदेश (३.६७) को स्कोर औषत भन्दा ज्यादा छ जसको अर्थ यी प्रदेशमा सङ्घीय सरकारसँग नागरिकको पहुँच अन्य प्रदेशको तुलनामा कम छ। मधेस र गण्डकी प्रदेशको स्कोर औषत भन्दा कम छ जसको अर्थ अन्य प्रदेशको तुलनामा यी प्रदेशमा सङ्घीय सरकारसँग नागरिकको पहुँच ज्यादा सहज छ।

## तालिका ५: प्रदेशमा नागरिक सूचनासम्बन्धी भएका कार्य

| क्षेत्र | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| सङ्घीय सरकारसँग नागरिकको सूचनामा पहुँच | ३.४७ | ३.५६ | ३.४४ | ३.५ | ३.०८ | ३.५४ | ३.६३ | ३.६७ |
| प्रदेश र स्थानीय सरकारसँग नागरिकको सूचनामा पहुँच | ३.११ | २.८९ | ३.८९ | ३.४ | २.५ | ३.२३ | २.८८ | ३.११ |
| नागरिक र नागरिक समाजका अभियन्तालाई सार्वजनिक स्थलमा सूचना बाँड्न र स्वतन्त्ररूपमा बोल्न | २.३९ | २.८९ | २.७८ | १.८ | १.९२ | २.३८ | २.७५ | २.४४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक र नागरिक समाजका अभियन्तालाई अनलाइन प्लेटफर्ममा सूचना बाँड्न र स्वतन्त्ररूपमा बोल्न | २.१ | २.३३ | २ | १.८ | १.७५ | २.२३ | २.६३ | २.११ |
| प्रदेश र स्थानीय सरकारको निर्णयविरुद्ध नागरिक सङ्गठित र विरोध गर्न | २.३६ | २.५६ | २ | २.२ | १.७५ | २.६२ | ३.१३ | २.४४ |
| सङ्घीय सरकारको निर्णयविरुद्ध नागरिक सङ्गठित र विरोध गर्न | २.२ | २.४४ | १.७८ | १.९ | १.७५ | २.६२ | २.६३ | २.३३ |
| सीमान्तकृत र पिछडिएका समुदायको प्रतिनिधित्व र वकालत गर्ने नागरिक समाजलाई | २.३४ | २.४४ | २.२२ | २ | २.०८ | २.५४ | २.७५ | २.४४ |

**लेखाचित्र ५: प्रदेशमा नागरिक सूचनासम्बन्धी भएका कार्य**



# मिडियासम्बन्धी कानुनको मूल्याङ्कन

मिडियासम्बन्धी बनेको वा बन्दै गरेको कानुनका विषयमा तुलानात्मक विश्लेषण प्रस्तुत गरिएको छ। यसमा जति धेरै स्कोर भयो, त्यति नै अनुदार भन्ने अर्थ लाग्छ। मिडियासम्बन्धी कानुनले मिडिया विकासमा टेवा पुऱ्याउँदैन भन्नेमा औषत स्कोर ३.९३ छ। यसमा सबै भन्दा उच्च स्कोर कर्णालीको ५.१३ छ भने त्यसपछि क्रमशः लुम्बिनी (४.७७) र गण्डकी (४.५८) छ। सुदूरपश्चिम (३.५६), मधेस (३.२२), वाग्मती (३.१०) र प्रदेश नं. १ (२.७८) को स्कोर औषत भन्दा कम छ। यसको अर्थ मिडियासम्बन्धी कानुनले मिडिया विकासमा टेवा पुऱ्याउने सवालमा कर्णाली प्रदेशमा सबै भन्दा बढी नकारात्मक धारणा र प्रदेश नं. १ मा सबै भन्दा बढी सकारात्मक धारणा पाइयो।

अहिले बनेका र प्रस्तावित कानुनका प्रावधानले मिडियालाई सङ्कुचित गर्ने सवालमा औषत स्कोर ४.१३ छ। यसले अहिले बनेका र बन्दै गरेका कानुनले ठीकै वा मध्यमस्तरको हस्तक्षेप रहेको/रहने कुरा देखाउँछ। मिडिया कानुनका दृष्टिले गण्डकी (५.६७) सबै भन्दा अनुदार देखिन्छ भने त्यसपछि लुम्बिनी (४.८५) र कर्णाली (४.२५) देखिन्छ। यसले गण्डकीमा बढी नै हस्तक्षेप रहेको कुरालाई इङ्गित गरेको छ भने लुम्बिनी र कर्णालीमा मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ छ। वाग्मती (३.६०), मधेस (३.३३), प्रदेश नं. १ (३.३०) र सुदूरपश्चिम (३.११) को स्कोर औषत भन्दा कम छ। मिडिया कानुनमा उल्लिखित प्रावधानका हिसाबले सबै भन्दा उदार सुदूरपश्चिम र त्यसपछि प्रदेश नं. १ देखिन्छ।

मिडिया कानुनमा दण्ड/जरिवाना बढाएको सवालमा औषत स्कोर ४.४९ छ। दण्ड जरिवानाको हिसाबले पनि मिडिया कानुनमार्फत मध्यमस्तरको हस्तक्षेप रहेको देखिन्छ। सर्वेक्षणले मिडिया कानुनमा सबै भन्दा धेरै दण्ड/सजाय बढाउने प्रदेशका रूपमा गण्डकी (६.५८) लाई देखाएको छ। यसबाट गण्डकीमा अलि बढी नै हस्तक्षेप रहेको बुझ्न सकिन्छ। त्यसपछि क्रमशः लुम्बिनी (४.७७) र प्रदेश नं. १ (४.७०) छन्। मधेस (४), सुदूरपश्चिम (३.६७), कर्णाली (३.५०) र वाग्मती (३.४०) औषत स्कोर भन्दा कम छन्। यसरी सर्वेक्षणले दण्ड/जरिवानाका हिसाबले वाग्मती प्रदेशलाई सबै भन्दा उदार प्रदेशका रूपमा देखाएको छ।

कानुनले मिडियालाई फौजदारी अभियोगमा कारबाही गर्न बाटो खुला गरेको विषयमा औषत स्कोर ३.९७ छ। सबै भन्दा बढी स्कोर गण्डकीमा ५.९२ छ भने लुम्बिनीमा ४.५४ छ। यसले समग्रमा थोरै हस्तक्षेप रहेको देखाएको छ भने गण्डकीको सवालमा बढी हस्तक्षेप रहेको र लुम्बिनीको हकमा मध्यमस्तरको हस्तक्षेप रहेको देखिन्छ। अन्य प्रदेशमा औषत भन्दा कम नै छ भने सबै भन्दा कम प्रदेश नं. १ मा ३.०० छ।

अहिलेको कानुनले सेल्फ सेन्सरसिपलाई प्रोत्साहन गरेको विषयमा औषत स्कोर ४.३४ छ। यसले सेल्फ सेन्सरसिपका सवालमा पनि मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ देखिन्छ। सबै भन्दा धेरै लुम्बिनीमा ५.८५ छ भने त्यसपछि गण्डकीमा ५.४२ र सुदूरपश्चिममा ४.७८ छ। लुम्बिनी र गण्डकीमा बढी नै हस्तक्षेप रहेको र सुदूरपश्चिमको सवालमा मध्यमस्तरको हस्तक्षेप देखिन्छ। अन्य प्रदेशमा औषत भन्दा कम स्कोर रहेको छ जसअनुसार कर्णालीमा ३.६३, मधेसमा ३.४४, प्रदेश १ मा ३.३० र वाग्मतीमा ३ छ। यस हिसाबले मिडिया कानुनले सेल्फ सेन्सरसिपलाई प्रोत्साहन गरेको छ भन्ने धारणा लुम्बिनीमा सबै भन्दा बढी पाइन्छ भने वाग्मतीमा सबैभन्दा कम छ।

मिडियासम्बन्धी कानुन पत्रकारहरूलाई दण्डित गर्ने किसिमको छ भन्ने सवालमा औषत स्कोर ४.६१ छ। यसको अर्थ पत्रकारलाई दण्ड/सजायमार्फत मिडियामा मध्यमस्तरको हस्तक्षेप छ भन्ने हो। सबै भन्दा बढी गण्डकीमा ६.२५ छ भने त्यसपछि लुम्बिनी ५.३८ छ। यसले गण्डकीमा 'अलि बढी नै हस्तक्षेप' रहेको र लुम्बिनीमा 'बढी हस्तक्षेप' रहेको देखाउँछ। मधेस (४.४४), प्रदेश १ (४.२), कर्णाली (४), सुदूरपश्चिम (४) र वाग्मती (३.२) औषत भन्दा कम छन्। यस हिसाबले पत्रकारलाई दण्डित गर्ने हिसावले कानुन ल्याइएको भन्ने बुझाई लुम्बिनीमा सबै भन्दा बढी छ भने वाग्मतीमा सबैभन्दा कम छ।

कानुनमा रहेका अस्पष्ट प्रावधान पत्रकारलाई नियन्त्रण गर्न सकिने किसिमको छ भन्ने बुझाइमा औषत स्कोर ४.९१ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकीमा ६.८३ छ भने त्यसपछि लुम्बिनीमा ५.६२, मधेसमा ४.५६ र प्रदेश नं. १ मा ४.४० छ। समग्रमा मिडिया कानुनमा रहेका अस्पष्ट प्रावधानमार्फत मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ भए पनि गण्डकीमा 'अलि बढी नै हस्तक्षेप' र लुम्बिनीमा 'बढी हस्तक्षेप' रहेको देखिन्छ।

वाग्मती, कर्णाली र सुदूरपश्चिममा यस किसिमको बुझाइ उस्तै छ। सबै प्रदेशको स्कोर ४ छ। यसरी कानुनमा रहेका अस्पष्ट प्रावधान पत्रकारलाई नियन्त्रण गर्न सकिने किसिमको छ भन्ने बुझाइ लुम्बिनीमा सबै भन्दा बढी छ भने वाग्मती, कर्णाली र सुदूरपश्चिममा सबै भन्दा कम छ।

मिडिया कानुनले अभिव्यक्ति स्वतन्त्रतामा बाधा पुऱ्याउने काम गरेको छ भन्नेमा औषत स्कोर ४.७९ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकीमा ६.४२ छ भने त्यसपछि लुम्बिनीमा ५.५४ र मधेसमा ५.११ छ। यस हिसाबले समग्रमा मध्यमस्तरको हस्तक्षेप भए पनि गण्डकीमा अलि बढी नै हस्तक्षेप, लुम्बिनी र मधेसमा बढी हस्तक्षेप रहेको बुझाइ छ। प्रदेश नं. १, कर्णाली र सुदूरपश्चिमको बराबरी ४ छ भने सबै भन्दा कम वाग्मतीको ३.६ छ। यस हिसाबले मिडिया कानुनले अभिब्यक्ति स्वतन्त्रतामा बाधा पुऱ्याउने काम गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ।


मिडिया कानुनका कारण इन्टरनेट र सामाजिक सञ्जालबाट हुने अभिब्यक्ति स्वतन्त्रतामा सङ्कुचन हुने अवस्था छ भन्ने बुझाइमा औषत स्कोर ४.७ छ। यस किसिमको बुझाइ गण्डकीमा सबै भन्दा बढी (६.६७) र त्यसपछि लुम्बिनीमा (५.०८) छ। समग्रमा मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ भए पनि गण्डकीमा अलि बढी नै हस्तक्षेप रहेको र लुम्बिनीमा बढी हस्तक्षेप रहेको बुझाइ छ। मधेस, कर्णाली र सुदूरपश्चिममा मध्यम स्तरको हस्तक्षेप रहेको बुझाइ छ भने अन्य प्रदेशमा त्यस भन्दा कम मात्रामा हस्तक्षेप रहेको बुझिन्छ। मधेसमा (४.८९), कर्णालीमा (४.३८), सुदूरपश्चिममा (४), वाग्मतीमा ३.८ र प्रदेश नं. १ मा ३.३ छ। मिडिया कानुनका कारण इन्टरनेट र सामाजिक सञ्जालबाट हुने अभिब्यक्ति स्वतन्त्रतामा सङ्कुचन हुने अवस्था छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम प्रदेश नं. १ मा छ।

अहिलेको मिडिया कानुनले समाचार स्रोतको गोपनीयतालाई कानुनीरूपमा सुरक्षा प्रदान गरेको छैन भन्ने बुझाइको औषत स्कोर ४.४४ छ। यस किसिमको बुझाइ सबै भन्दा बढी गण्डकीमा ५.८३ छ भने त्यसपछि सुदूरपश्चिममा ५.११ छ। अन्य सबै प्रदेशमा यस किसिमको बुझाइ औषत स्कोर भन्दा कम नै छ। सबै भन्दा कम स्कोर वाग्मतीमा २.९ छ। यस हिसाबले मिडिया कानुनले समाचार स्रोतको गोपनीयतालाई कानुनीरूपमा सुरक्षा प्रदान गरेको छैन भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ।

### तालिका ६: मिडियासम्बन्धी बनेको वा बन्दै गरेको कानुनको मूल्याङ्कन

| क्षेत्र | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| मिडियासम्बन्धी कानुनले मिडिया विकासमा टेवा पुऱ्याउँदैन | ३.९३ | २.७८ | ३.२२ | ३.१ | ४.५८ | ४.७७ | ५.१३ | ३.५६ |
| कानुनका प्रावधानले मिडिया सङ्कुचित हुने अवस्था छ | ४.१३ | ३.३ | ३.३३ | ३.६ | ५.६७ | ४.८५ | ४.२५ | ३.११ |
| दण्ड जरिवाना बढाएका छन् | ४.४९ | ४.७ | ४.०० | ३.४ | ६.५८ | ४.७७ | ३.५० | ३.६७ |
| कानुनले मिडियालाई फौजदारी अभियोगमा कारवाही गर्ने बाटो खुला गरेको छ | ३.९७ | ३.० | ३.४४ | ३.२ | ५.९२ | ४.५४ | ३.२५ | ३.५६ |
| सेल्फ सेन्सरसिपलाई प्रोत्साहान गरेको छ | ४.३४ | ३.३ | ३.४४ | ३ | ५.४२ | ५.८५ | ३.६३ | ४.७८ |
| पत्रकारलाई दण्डित गर्ने किसिमको छ | ४.६१ | ४.२ | ४.४४ | ३.२ | ६.२५ | ५.३८ | ४.०० | ४.०० |
| कानुनमा रहेका अस्पष्ट प्रावधानले पत्रकारलाई नियन्त्रण गर्न सकिने किसिमको छ | ४.९१ | ४.४ | ४.५६ | ४ | ६.८३ | ५.६२ | ४.०० | ४.०० |
| अभिव्यक्ति स्वतन्त्रतामा बाधा पुऱ्याउने काम गरेको छ | ४.७९ | ४.० | ५.११ | ३.६ | ६.४२ | ५.५४ | ४.०० | ४.०० |
| इन्टरनेट र सामाजिक सञ्जालबाट हुने अभिव्यक्ति स्वतन्त्रता सङ्कुचन हुने अवस्था छ | ४.७ | ३.३ | ४.८९ | ३.८ | ६.६७ | ५.०८ | ४.३८ | ४.०० |
| समाचार स्रोतको गोपनीयतालाई कानुनीरूपमा सुरक्षा प्रदान गरेको छैन | ४.४४ | ४.२ | ४.४४ | २.९ | ५.८३ | ४.३१ | ४.०० | ५.११ |

## लेखाचित्र ६: मिडियासम्बन्धी बनेको वा बन्दै गरेको कानुनको मूल्याङ्कन




# निजी सञ्चार माध्यमको राज्यप्रतिको निर्भरता

निजी सञ्चार माध्यमहरू राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष अनुदान र आर्थिक सहयोगमा निर्भर छन् भन्ने बुझाइ औषतमा ४.३६ छ। यो बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ मा ५.६७ छ भने त्यसपछि लुम्बिनीमा ५.५४, कर्णालीमा ४.३८, मधेसमा ४.३३, गण्डकीमा ३.७५, सुदूरपश्चिममा ३.५६ र वाग्मतीमा ३.१ छ। यस हिसाबले निजी सञ्चार माध्यमहरू राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष अनुदान र आर्थिक सहयोगमा निर्भर छन् भन्ने बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ र सबै भन्दा कम वाग्मती प्रदेशमा छ।

### तालिका ७: प्रत्यक्ष वा अप्रत्यक्षरूपमा राज्यको अनुदान र आर्थिक सहयोगमा निजी सञ्चार माध्यमहरूको निर्भरता

| क्षेत्र | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| निजी सञ्चार माध्यमहरू कुन हदसम्म सरकारको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा राज्यको अनुदान र आर्थिक सहयोगमा निर्भर | ४.३६ | ५.६७ | ४.३३ | ३.१ | ३.७५ | ५.५४ | ४.३८ | ३.५६ |

लेखाचित्र ७ : प्रत्यक्ष वा अप्रत्यक्षरूपमा राज्यको अनुदान र आर्थिक सहयोगमा निजी सञ्चार माध्यमहरूको निर्भरता





# अनुदानका कारण सामग्रीमा सम्झौता

निजी सञ्चार माध्यमले सरकारले प्रदान गर्ने अनुदानका लागि आफ्नो सामग्रीमा सम्झौता गर्छन् भन्ने बुझाई निकै कमजोर छ। यस किसिमको बुझाइको औषत स्कोर १.३६ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकी प्रदेशमा १.७५ छ भने त्यसपछि वाग्मतीमा १.७०, मधेस र सुदूरपश्चिममा बराबरी १.३३, प्रदेश नं. १ मा १.२२, कर्णालीमा १.१३ र लुम्बिनीमा सबै भन्दा कम १ छ। यस हिसाबले निजी सञ्चार माध्यमले सरकारले प्रदान गर्ने अनुदानका लागि आफ्नो सामग्रीमा सम्झौता गर्छन् भन्ने बुझाइ सबै भन्दा बढी गण्डकी र सबै भन्दा कम लुम्बिनीमा छ।

### तालिका ८: निजी सञ्चार माध्यमको आफ्नो सामग्रीमा सम्झौता

| क्षेत्र | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| निजी सञ्चार माध्यमले सरकारले प्रदान गर्ने अनुदानको सट्टा आफ्नो सामग्रीमा सम्झौता गर्ने | १.३६ | १.२२ | १.३३ | १.७ | १.७५ | १ | १.१३ | १.३३ |

लेखाचित्र ८ : निजी सञ्चार माध्यमको आफ्नो सामग्रीमा सम्झौता





## सरकार र मिडियाबीचको सम्बन्ध

सरकारले विज्ञापनदातालाई कुनै निश्चित सचार माध्यमलाई सहयोग गर्न दबाब दिने गरेको छ भन्ने बुझाइ पनि कमजोर छ। यस्तो बुझाइ औषतमा १.४९ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकी प्रदेशमा १.७५ छ भने त्यसपछि वाग्मतीमा १.६०, मधेस प्रदेशमा १.५६, लुम्बिनीमा १.५४, प्रदेश नं. १ र सुदूरपश्चिममा बराबरी १.३३ र कर्णालीमा १.१३ छ। सरकारले विज्ञापनदातालाई कुनै निश्चित सञ्चार माध्यमलाई सहयोग गर्न दबाब दिने गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकी र सबै भन्दा कम कर्णालीमा छ।

### तालिका ९: विज्ञापनदाताले सञ्चार माध्यमलाई सहयोग गर्न सरकारको दबाब

| सरकारको दबाब | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| सरकारले विज्ञापनदातालाई कुनै सञ्चार माध्यमलाई सहयोग गर्न दबाब | १.४९ | १.३३ | १.५६ | १.६ | १.७५ | १.५४ | १.१३ | १.३३ |

लेखाचित्र ९ : विज्ञापनदाताले सञ्चार माध्यमलाई सहयोग गर्न सरकारको दबाब




## सरकारी अधिकारीहरूको समर्थनमा केही मिडिया


सरकारी अधिकारीहरूले समर्थन गरेका कारण ती मिडियाले पनि सरकारी अधिकारीहरूलाई समर्थन गर्छन् भन्ने बुझाइ औषतमा ४.२३ छ। यो बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ मा ६.११ छ भने त्यसपछि कर्णाली ४.५०, मधेस ४.४४, गण्डकी ४, सुदूरपश्चिम ३.७८, लुम्बिनी ३.६२ र वाग्मती ३.६० छ। सरकारी अधिकारीहरूले समर्थन गरेका कारण मिडियाले पनि ती सरकारी अधिकारीहरूलाई समर्थन गर्छन् भन्ने बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ र सबै भन्दा कम वाग्मतीमा छ।

राजनीतिकर्मी र मिडिया मालिकबीचको सम्बन्धका कारण मिडियाले समर्थनमा लेख्छन् भन्ने बुझाइ औषतमा ५ छ। यो बुझाइ सबै भन्दा बढी मधेसमा ५.७८ छ। त्यसपछि लुम्बिनीमा ५.५४, प्रदेश नं. १ मा ५.४४, कर्णालीमा ५.४०, वाग्मतीमा ४.५०, सुदूरपश्चिममा ४.४४ र गण्डकीमा ४.०८ छ। राजनीतिकर्मी र मिडिया मालिकबीचको सम्बन्धका कारण मिडियाले समर्थनमा लेख्छन् भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ।

### तालिका १०: सरकारी अधिकारीहरूको समर्थनमा केही मिडिया

| सरकारी अधिकारीहरूको समर्थनमा केही मिडिया किनकि | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| मिडियाको सम्पादकीय नीतिमार्फत समर्थन गरेका कारण | ४.२३ | ६.११ | ४.४४ | ३.६ | ४.०० | ३.६२ | ४.५ | ३.७८ |
| राजनीतिकर्मी र मिडिया मालिकबीच आर्थिक सम्बन्धका कारण | ५.० | ५.४४ | ५.७८ | ४.५ | ४.०८ | ५.५४ | ५.४ | ४.४४ |

लेखाचित्र १० : सरकारी अधिकारीहरूको समर्थनमा केही मिडिया





# मिडिया स्वतन्त्रताको अवस्था

सार्वजनिक महत्त्वको विषयमा त्यस सञ्चार माध्यममा कार्यरत पत्रकारले सरकार र मिडिया मालिकको सीमामा नरही समाचार लेख्न सक्ने स्वतन्त्रता छ भन्ने बुझाइको औषत स्कोर १.५१ छ। यो बुझाइ सबै भन्दा बढी लुम्बिनीमा १.६९ छ भने त्यसपछि कर्णालीमा १.६३, प्रदेश नं. १ र सुदूरपश्चिममा बराबरी १.५६, वाग्मतीमा १.५०, मधेस र गण्डकीमा बराबरी १.३३ छ। सार्वजनिक महत्त्वको विषयमा त्यस सञ्चार माध्यममा कार्यरत पत्रकारले सरकार र मिडिया मालिकको सीमामा नरही समाचार लेख्न सक्ने स्वतन्त्रता छ भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम मधेस र गण्डकीमा छ।

## तालिका ११: प्रदेशमा मिडिया स्वतन्त्रताको अवस्था

| मिडिया स्वतन्त्रताको अवस्था | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक महत्वको विषयमा त्यस सञ्चार माध्यममा कार्यरत पत्रकारले सरकार र मिडिया मालिकको सीमामा नरही समाचार लेख्न सक्ने। | १.५१ | १.५६ | १.३३ | १.५ | १.३३ | १.६९ | १.६३ | १.५६ |

लेखाचित्र ११ : प्रदेशमा मिडिया स्वतन्त्रताको अवस्था




## पत्रकारका व्यवहारले वस्तुनिष्ठतामा प्रश्न


पत्रकारहरूलाई प्रभावमा पार्न रोजगारदाताबाहेक अन्य कसैबाट भुक्तानी लिने गरेको छ भन्ने बुझाइ औषतमा ३ छ। यो बुझाइ सबैभन्दा बढी गण्डकीमा ३.२५ छ भने त्यसपछि प्रदेश नं. १ र मधेसमा बराबरी ३.२२ छ। त्यस्तै यो बुझाइ लुम्बिनीमा ३.१५, वाग्मतीमा ३.१०, कर्णालीमा २.५० र सुदूरपश्चिममा २.३३ छ। यस हिसाबले पत्रकारहरूलाई प्रभावमा पार्न रोजगारदाताबाहेक अन्य कसैबाट भुक्तानी लिने गरेको छ भन्ने बुझाइ सबैभन्दा बढी गण्डकीमा र सबै भन्दा कम सुदूरपश्चिममा छ।

सञ्चार माध्यमको वस्तुनिष्ठतामा प्रभाव पार्ने गरी पत्रकारहरू विलासिताका कार्यक्रम, प्रेस भ्रमण वा अन्य लाभका गतिविधिमा संलग्न हुन्छन् भन्ने बुझाइको औषत स्कोर २.८० छ। यो बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा ३.११, लुम्बिनीमा ३.०८, सुदूरपश्चिममा २.८९, गण्डकी र कर्णालीमा बराबरी २.७५, प्रदेश नं. १ मा २.५६ र वाग्मतीमा २.४० छ। सञ्चार माध्यमको वस्तुनिष्ठतामा प्रभाव पार्ने गरी पत्रकारहरू विलासिताका कार्यक्रम, प्रेस भ्रमण वा अन्य लाभका गतिविधिमा संलग्न हुन्छन् भन्ने बुझाइ सबै भन्दा बढी मधेस र सबै भन्दा कम वाग्मतीमा छ।

### तालिका १२: पत्रकारबाट भएका व्यवसाय र वस्तुनिष्ठतामाथि प्रभाव पर्ने कार्यहरू

| पत्रकारबाट भएका व्यवसाय र वस्तुनिष्ठतामाथि प्रभाव पर्ने कार्यहरू | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| पत्रकारलाई प्रभावमा पार्न रोजगारदाता बाहेक अन्य कसैबाट भुक्तानी लिने गरेको छ | ३.०० | ३.२२ | ३.२२ | ३.१ | ३.२५ | ३.१५ | २.५० | २.३३ |
| सञ्चार माध्यमको वस्तुनिष्ठता प्रभाव पार्ने गरी पत्रकारले विलासिताका कार्यक्रम, प्रेस भ्रमण वा अन्य लाभका गतिविधिमा संलग्न हुन्छन् | २.८० | २.५६ | ३.११ | २.४ | २.७५ | ३.०८ | २.७५ | २.८९ |

लेखाचित्र १२ : पत्रकारबाट भएका व्यवसाय र वस्तुनिष्ठतामाथि प्रभाव पर्ने कार्यहरू




## खोज पत्रकारिता र सेल्फ सेन्सरसिपको अवस्था

सार्वजानिक महत्त्वको विषय उजागर गर्न खोज पत्रकारिता पर्याप्त मात्रामा विकसित भएको छैन भन्ने बुझाइको औषत स्कोर ४.३१ छ। यो बुझाइ सबै भन्दा बढी मधेसमा ६.३३ छ भने त्यसपछि सुदूरपश्चिममा ६.२२, प्रदेश नं. १ मा ५, लुम्बिनीमा ४.७७, गण्डकीमा ३.२५, वाग्मतीमा ३ र कर्णालीमा २.८८ छ। सार्वजनिक महत्त्वको विषय उजागर गर्न खोज पत्रकारिता पर्याप्त मात्रामा विकसित भएको छैन भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम कर्णालीमा छ।


सरकार पत्रकारलाई निगरानी र धम्की दिने कार्यमा संलग्न छ भन्ने बुझाइको औषत स्कोर ४.२ छ। यो बुझाइ मधेसमा सबै भन्दा बढी ५.२२ छ भने त्यसपछि सुदूरपश्चिममा ५.११, कर्णालीमा ४.३८, प्रदेश नं. १ मा ४.११, लुम्बिनी ३.८५, वाग्मती ३.७० र गण्डकीमा ३.५० छ। यस हिसाबले सरकार पत्रकारलाई निगरानी र धम्की दिने कार्यमा संलग्न छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ।

पत्रकारको सुरक्षा अवस्था चिन्ताजनक छ भन्ने बुझाइको औषत स्कोर ४.२६ छ। यो बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा ६.२२ छ भने त्यसपछि लुम्बिनीमा ४.६९, सुदूरपशिचममा ४.४४, कर्णालीमा ४.१३, प्रदेश नं. १ मा ४.११, वाग्मतीमा ३.७० र गण्डकीमा २.८३ छ। पत्रकारको सुरक्षा अवस्था चिन्ताजनक छ भन्ने बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा र सबै भन्दा कम गण्डकीमा छ।

## तालिका १३: खोज पत्रकारिता र पत्रकारको सुरक्षाको अवस्था

| खोज पत्रकारिता र पत्रकारको सुरक्षाको अवस्था | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक महत्वको विषय उजागर गर्न खोज पत्रकारिता पर्याप्त मात्रामा विकसित भएको छैन। | ४.३१ | ५.०० | ६.३३ | ३.० | ३.२५ | ४.७७ | २.८८ | ६.२२ |
| सरकार पत्रकारलाई निगरानी र धम्की दिने कार्यमा संलग्न छ। | ४.२ | ४.११ | ५.२२ | ३.७ | ३.५० | ३.८५ | ४.३८ | ५.११ |
| पत्रकारको सुरक्षा अवस्था चिन्ताजनक छ। | ४.२६ | ४.११ | ६.२२ | ३.७ | २.८३ | ४.६९ | ४.१३ | ४.४४ |

लेखाचित्र १३ : खोज पत्रकारिता र पत्रकारको सुरक्षाको अवस्था




# खोज पत्रकारिता र पत्रकारको सुरक्षा

देवानी र फौजदारी अभियोगको डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइको औसत स्कोर ३.९६ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकी (५ स्कोर) मा छ। त्यसपछि कर्णालीमा ४.६३, प्रदेश नं. १ मा ४.४४, मधेसमा ३.८९, लुम्बिनीमा ३.८५, सुदूरपश्चिममा ३.४४ र वाग्मतीमा २.४ छ। देवानी र फौजदारी अभियोगको डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ।


व्यावसायिक प्रतिशोध वा प्रतिष्ठामा आक्रमण हुने डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइको औषत स्कोर ४.२४ छ। यो बुझाइ सबै भन्दा बढी लुम्बिनीमा ४.९२ छ भने त्यसपछि प्रदेश नं. १ मा ४.५६, कर्णालीमा ४.३८, मधेसमा ४.३३, गण्डकीमा ४, सुदूरपश्चिममा ३.८९ र वाग्मतीमा ३.५ छ। व्यावसायिक प्रतिशोध वा प्रतिष्ठामा आक्रमण हुने डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम वाग्मतीमा छ।

भौतिक सुरक्षामा खतरा भएकाले पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइको औषत स्कोर ४.६७ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकीमा ५.५८ छ भने त्यसपछि कर्णालीमा ५.१३, प्रदेश नं. १ मा ५.११, लुम्बिनी ४.९२, सुदूरपश्चिममा ३.८९ र वाग्मतीमा ३.६० छ। भौतिक सुरक्षामा खतरा भएकाले पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ।

## तालिका १४: पत्रकारले सेल्फ सेन्सरसिप गर्ने कारणहरू

| पत्रकारले सेल्फ सेन्सरसिप गर्ने कारणहरू | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| देवानी वा फौजदारी अभियोगको डरका कारण | ३.९६ | ४.४४ | ३.८९ | २.४ | ५.०० | ३.८५ | ४.६३ | ३.४४ |
| व्यवसायिक प्रतिशोध वा प्रतिष्ठामा आक्रमण हुने डरको कारण | ४.२४ | ४.५६ | ४.३३ | ३.५ | ४.०० | ४.९२ | ४.३८ | ३.८९ |
| पत्रकारको भौतिक सुरक्षामा खतरा भएकाले | ४.६७ | ५.११ | ४.२२ | ३.६ | ५.५८ | ४.९२ | ५.१३ | ३.८९ |

लेखाचित्र १४ : पत्रकारले सेल्फ सेन्सरसिप गर्ने कारणहरू



# सामाजिक संस्थासम्बन्धी कानुनको मूल्याङ्कन

अहिले भइरहेको कानुनले सामाजिक संस्था तथा नागरिक अधिकारको विकासमा टेवा पुऱ्याउने अवस्था छैन भन्ने बुझाइको औषत स्कोर ३.५१ छ। यस किसिमको बुझाइ लुम्बिनीमा सबै भन्दा बढी ४.१५ छ भने त्यसपछि गण्डकीमा ४.०८, प्रदेश नं. १ मा ३.८९, कर्णालीमा ३.७५, सुदूरपश्चिममा ३ र वाग्मतीमा २.७ छ। सबै भन्दा कम मधेस प्रदेशमा २.६७ छ। यस हिसाबले अहिले भइरहेका कानुनले सामाजिक संस्था तथा नागरिक अधिकारको विकासमा टेवा पुऱ्याउने अवस्था छैन भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम मधेस प्रदेशमा छ।

कानुनका प्रावधानले सामाजिक संस्था र नागरिक अधिकार सङ्कुचित हुने अवस्था छ भन्नेमा औषत स्कोर ३.३९ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकीमा ४.२५ र त्यसपछि लुम्बिनीमा ४, प्रदेश नं. १ मा ३.६७ छ। अन्य सबै प्रदेशमा औषत भन्दा कम स्कोर छ। सबै भन्दा कम कर्णालीको २.३८ छ। कानुनका प्रावधानले सामाजिक संस्था र नागरिक अधिकार सङ्कुचित हुने अवस्था छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम कर्णालीमा छ। समग्रमा कानुनका प्रावधानमार्फत सामाजिक संस्था र नागरिक अधिकारमा थोरै हस्तक्षेप रहेको बुझ्न सकिन्छ भने गण्डकीमा समग्रमा भन्दा अलि बढी 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।

अहिले बनेका र बन्दै गरेका सामाजिक सङ्घ/संस्थासम्बन्धी कानुनहरूले दण्ड जरिवाना बढाएका छन् भन्नेमा औषत स्कोर ३.६१ छ। यो बुझाइ पनि सबै भन्दा बढी गण्डकीमा ४.५८, त्यसपछि क्रमशः लुम्बिनीमा ४.३१, प्रदेश नं. १ मा ४.२२, सुदूरपश्चिममा ३.३३, मधेस प्रदेशमा ३.११, वाग्मतीमा २.८ छ भने सबै भन्दा कम कर्णालीमा २.२५ छ। यसरी अहिले बनेका र बन्दै गरेका सामाजिक सङ्घ/संस्थासम्बन्धी कानुनहरूले दण्ड जरिवाना बढाएका छन् भन्ने बुझाइ पनि सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम कर्णालीमा नै रहेको छ। समग्रमा अहिले बनेका र बन्दै गरेका सामाजिक सङ्घ/संस्थासम्बन्धी कानुनमा उल्लिखित दण्ड जरिवानामार्फत सामाजिक संस्थाहरूमा थोरै हस्तक्षेप रहेको बुझ्न सकिन्छ। गण्डकी, लुम्बिनी र प्रदेश नं. १ मा मध्यमस्तरको हस्तक्षेप रहेको बुझ्न सकिन्छ।

अहिले बनेका र बन्दै गरेका सामाजिक संस्थासम्बन्धी कानुनहरू अस्पष्ट छन् भन्नेमा औषत स्कोर ४.२१ छ। यो बुझाइ सबै भन्दा बढी लुम्बिनीमा ५.३१ छ भने त्यसपछि क्रमशः गण्डकीमा ४.६७, प्रदेश नं. १ मा ४.४४, वाग्मतीमा ४.३०, सुदूरपश्चिममा ४.२२, मधेसमा २.८९ र कर्णालीमा २.८८ छ। यस हिसाबले अहिले बनेका र बन्दै गरेका सामाजिक संस्थासम्बन्धी कानुनहरू अस्पष्ट छन् भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम कर्णालीमा छ।

अहिले बनेका र बन्दै गरेका कानुनले नयाँ सामाजिक संस्था दर्ता गर्दा समस्या छ भन्नेमा औषत स्कोर ४ छ। यो बुझाइ सबै भन्दा बढी लुम्बिनी प्रदेशमा ६.२३ छ भने त्यसपछि क्रमशः गण्डकीमा ४.९२, मधेसमा ४, प्रदेश नं. १ मा ३.६७, सुदूरपश्चिममा ३.११, वाग्मतीमा २.५ र कर्णालीमा २.२५ छ। यस हिसाबले अहिले बनेका र बन्दै गरेका कानुनका कारण नयाँ सामाजिक संस्था दर्ता गर्न समस्या छ भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनी प्रदेशमा छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा छ। समग्रमा अहिले बनेका र बन्दै गरेका कानुनले नयाँ सामाजिक संस्था दर्तामा थोरै हस्तक्षेप रहेको बुझाइ छ भने लुम्बिनी प्रदेशमा 'अलि बढी नै हस्तक्षेप' र गण्डकीमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।

कार्यक्रम सञ्चालनका लागि सरकारी कार्यालयबाट रोकावट छ भन्नेमा औषत स्कोर ३.७९ छ। यो बुझाइ सबै भन्दा बढी गण्डकी प्रदेशमा (४.३३) छ भने त्यसपछि क्रमशः लुम्बिनीमा ४.१५, मधेसमा ४.११, प्रदेश नं. १ मा ३.८९, कर्णाली ३.३८, वाग्मतीमा ३.३० र सुदूरपश्चिममा ३ छ। यसरी कार्यक्रम सञ्चालनका लागि सरकारी कार्यालयबाट रोकावट छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकी प्रदेश र सबै भन्दा कम सुदूरपश्चिममा छ। समग्रमा कार्यक्रम सञ्चालनका लागि सरकारी कार्यालयबाट रोकावट हुने गरी 'थोरै हस्तक्षेप' रहेको बुझाइ छ भने गण्डकी, लुम्बिनी र मधेसमा अलि बढी 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।

सरकारबाट सामाजिक संस्थामा हस्तक्षेप बढेको भन्ने मान्यतामा औषत स्कोर ४.१९ छ। यो बुझाइ पनि सबै भन्दा बढी गण्डकीमा ५.०८ छ भने त्यसपछि क्रमशः लुम्बिनीमा ४.७७, मधेसमा ४.३३, सुदूरपश्चिममा ४.११, प्रदेश नं. १ मा ३.८९, वाग्मतीमा ३.४० र कर्णालीमा ३.११ छ। सरकारबाट सामाजिक संस्थामा हस्तक्षेप बढेको छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकी र सबै भन्दा कम कर्णालीमा छ। समग्रमा सरकारबाट सामाजिक संस्थामा 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ भने गण्डकीमा मात्रै 'बढी हस्तक्षेप' रहेको बुझाइ छ।

सरकारले सामाजिक संस्थाको दर्ता रद्द गरेको छ भन्ने बुझाइमा औसत स्कोर ३ छ। यो बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ मा ३.६७ छ भने त्यसपछि क्रमशः सुदूरपश्चिममा ३.४४, गण्डकीमा ३.३३, लुम्बिनीमा ३, कर्णालीमा २.६३, मधेसमा २.५६ र वाग्मतीमा २.३० छ। यस हिसाबले सरकारले सामाजिक संस्थाको दर्ता रद्द गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ मा र सबै भन्दा कम वाग्मतीमा छ।

नागरिक समाजका कार्यक्रममा सरकारी हस्तक्षेप र घुसपैठ बढेको छ भन्ने बुझाइको औषत स्कोर ३.७३ छ। यो बुझाइ पनि सबै भन्दा बढी प्रदेश नं. १ मा ४.७८ छ भने त्यसपछि क्रमशः गण्डकीमा ४.०८, लुम्बिनीमा ३.९२, सुदूरपश्चिममा ३.६७, कर्णालीमा ३.३८, वाग्मतीमा ३.२० र मधेस प्रदेशमा २.८९ छ। यस हिसाबले नागरिक समाजका कार्यक्रममा सरकारी हस्तक्षेप र घुसपैठ बढेको छ भन्ने बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ मा र सबै भन्दा कम मधेस प्रदेशमा छ। समग्रमा नागरिक समाजका कार्यक्रममा 'थोरै हस्तक्षेप' रहेको बुझाइ छ भने प्रदेश नं. १ र गण्डकीमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।


सामाजिक संस्थाहरूलाई विदेशी दातृ निकायबाट सहयोग लिनमा अवरोध वा रोक लागेको छ भन्ने बुझाइको औषत स्कोर ३.६१ छ। यो बुझाइ सबै भन्दा बढी लुम्बिनीमा ४.७७ छ भने त्यसपछि क्रमशः प्रदेश नं. १ मा ४.११, गण्डकीमा ३.८३, कर्णालीमा ३.५०, वाग्मतीमा २.९०, मधेसमा २.८९ र सुदूरपश्चिममा २.७८ छ। सामाजिक संस्थाहरूलाई विदेशी दातृ निकायबाट सहयोग लिनमा अवरोध वा रोक लागेको छ भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम सुदूरपश्चिममा छ।


सामाजिक संस्थामा भन्दा प्रालिमा दर्ता हुने क्रम वृद्धि भएको छ भन्ने बुझाइको औषत स्कोर ३.८ छ। यो बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा ४.५६ छ भने त्यसपछि क्रमशः कर्णालीमा ४.५०, लुम्बिनीमा ४.३८, प्रदेश नं. १ मा ४.३३, गण्डकीमा ४.०८, सुदूरपश्चिममा २.६७ र वाग्मतीमा २ छ। यस हिसाबले सामाजिक संस्थामा भन्दा प्रालिमा दर्ता हुने क्रम वृद्धि भएको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा र सबै भन्दा कम वाग्मतीमा २ छ।

## तालिका १५: बनेको वा बन्दै गरेको कानुनको मूल्याङ्कन

| बनेको वा बन्दै गरेको कानुनको मूल्याङ्कन | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| कानुनले सामाजिक संस्था तथा नागरिक अधिकारको विकासमा टेवा पुऱ्याउने अवस्था छैन | ३.५१ | ३.८९ | २.६७ | २.७ | ४.०८ | ४.१५ | ३.७५ | ३.०० |
| कानुनका प्रावधानले सामाजिक संस्था र नागरिक अधिकार सङ्कुचित हुने अवस्था छ | ३.३९ | ३.६७ | ३.११ | २.७ | ४.२५ | ४.०० | २.३८ | ३.०० |
| दण्ड जरिवाना बढाएका छन् | ३.६१ | ४.२२ | ३.११ | २.८ | ४.५८ | ४.३१ | २.२५ | ३.३३ |
| कानुन अस्पष्ट छ | ४.२१ | ४.४४ | २.८९ | ४.३ | ४.६७ | ५.३१ | २.८८ | ४.२२ |
| नयाँ सामाजिक संस्था दर्ता गर्दा समस्या छ | ४.०० | ३.६७ | ४.०० | २.५ | ४.९२ | ६.२३ | २.२५ | ३.११ |
| कार्यक्रम सञ्चालनका लागि सरकारी कार्यालयबाट रोकावट छ | ३.७९ | ३.८९ | ४.११ | ३.३ | ४.३३ | ४.१५ | ३.३८ | ३.०० |
| सरकारबाट सामाजिक संस्थामा हस्तक्षेप बढेको छ | ४.१९ | ३.८९ | ४.३३ | ३.४ | ५.०८ | ४.७७ | ३.१३ | ४.११ |
| सरकारले सामाजिक संस्थाको दर्ता रद्द गरेको छ | ३.०० | ३.६७ | २.५६ | २.३ | ३.३३ | ३.०० | २.६३ | ३.४४ |
| नागरिक समाजका कार्यक्रममा सरकारी हस्तक्षेप र घुसपैठ बढेको छ | ३.७३ | ४.७८ | २.८९ | ३.२ | ४.०८ | ३.९२ | ३.३८ | ३.६७ |
| विदेशी दातृ निकायबाट सहयोग लिनमा अवरोध वा रोक लागेको छ | ३.६१ | ४.११ | २.८९ | २.९ | ३.८३ | ४.७७ | ३.५० | २.७८ |
| सामाजिक संस्थामा भन्दा प्रा. लि. मा दर्ता हुने क्रम वृद्धि भएको छ | ३.८ | ४.३३ | ४.५६ | २.० | ४.०८ | ४.३८ | ४.५० | २.६७ |

## लेखाचित्र १५: बनेको वा बन्दै गरेको कानुनको मूल्याङ्कन






## सामाजिक संस्थाहरूलाई कार्यक्रम गर्ने वातावरण

सामाजिक संस्थाहरूलाई कार्यक्रम सञ्चालन गर्ने वातावरण सहज छैन भन्ने बुझाइ औषतमा ३.६ छ। यो बुझाइ सबै भन्दा बढी कर्णालीमा ४.७५ छ भने त्यसपछि प्रदेश नं. १ मा ४.२२, मधेस प्रदेशमा ४, लुम्बिनीमा ३.८५, गण्डकीमा ३.६७, वाग्मतीमा २.७० र सुदूरपश्चिममा सबै भन्दा कम २.११ छ। यस हिसाबले सामाजिक संस्थाहरूलाई कार्यक्रम सञ्चालन गर्ने वातावरण सहज छैन भन्ने बुझाइ कर्णालीमा सबै भन्दा बढी र सुदूरपश्चिममा सबै भन्दा कम छ।

सरकारले आन्दोलन र प्रदर्शन गर्न असहज बनाएको छ भन्ने औषत बुझाइ ३.७६ छ। यो बुझाइ सबै भन्दा बढी मधेस प्रदेशमा ४.६७ छ भने त्यसपछि प्रदेश नं. १ मा ४.४४, कर्णालीमा ४.३८, गण्डकीमा ३.९२, लुम्बिनीमा ३.५४, वाग्मतीमा ३.१० र सुदूरपश्चिममा २.४४ छ। सरकारले आन्दोलन र प्रदर्शन गर्न असहज बनाएको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम सुदूरपश्चिममा छ। समग्रमा सरकारले आन्दोलन र प्रदर्शन जस्ता कार्यक्रममा 'थोरै हस्तक्षेप' गरेको बुझाइ छ भने मधेस, प्रदेश नं. १ र कर्णालीमा ' मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।

सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अनिवार्य गरेको छ भन्ने औषत बुझाइ ३.६४ छ। यो बुझाइ मधेसमा ५.४४ छ भने प्रदेश नं. १ मा ४.६७, कर्णालीमा ४, वाग्मतीमा ३.३०, लुम्बिनीमा ३.३१, गण्डकीमा ३ र सुदूरपश्चिममा २.२२ छ। यस हिसाबले सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अनिवार्य गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम सुदूरपश्चिममा छ।

सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अस्वीकार गरेको छ भन्ने औषत बुझाइ ३.३९ छ। यो बुझाइ मधेसमा सबै भन्दा बढी ४.४४ छ भने त्यसपछि कर्णालीमा ४.१३, प्रदेश नं. १ मा ३.८९, लुम्बिनीमा ३.३८, गण्डकीमा २.९२, वाग्मतीमा २.९० र सुदूरपश्चिममा २.३३ छ। सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अस्वीकार गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम सुदूरपश्चिममा छ।

यस्ता आन्दोलन र प्रदर्शन हिंसात्मक गराउने काम हुने गरेको छ भन्ने बुझाइ औषतमा ३.३३ छ। यस्तो बुझाइ मधेस प्रदेशमा सबै भन्दा बढी ४.४४ छ भने त्यसपछि कर्णालीमा ४, प्रदेश नं. १ र सुदूरपश्चिम प्रदेशमा बराबरी ३.६७, वाग्मतीमा २.९, लुम्बिनीमा २.८५ र गण्डकीमा २.४२ छ। यस्ता आन्दोलन र प्रदर्शन हिंसात्मक गराउने काम हुने गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ।


सुरक्षा निकायबाट दमन बढेको छ भन्ने बुझाइ औषतमा ३.९६ छ। यो बुझाइ सबै भन्दा बढी कर्णालीमा ५.५० छ भने त्यसपछि मधेसमा ५.३३, लुम्बिनीमा ४.०८, सुदूरपश्चिममा ३.७८, वाग्मती ३.३०, प्रदेश नं. १ मा ३.२२ र गण्डकीमा ३ छ। सुरक्षा निकायबाट दमन बढेको छ भन्ने बुझाइ सबै भन्दा बढी कर्णालीमा र सबै भन्दा कम गण्डकीमा छ।


आन्दोलन र प्रदर्शनका क्रममा हिंसात्मक हुनबाट रोक्ने कार्य सुरक्षा निकायबाट भएका छैनन् भन्ने बुझाइ औषतमा ३.५६ छ। यो बुझाइ सबै भन्दा बढी मधेसमा ५.४४ छ त्यसपछि भने प्रदेश नं. १ मा ४.३३, कर्णालीमा ४.१३, लुम्बिनीमा ३.३८, सुदूरपश्चिममा २.८९, वाग्मतीमा २.८० र गण्डकीमा २.५० छ। यस हिसाबले आन्दोलन र प्रदर्शनका क्रममा हिंसात्मक हुनबाट रोक्ने कार्य सुरक्षा निकायबाट भएका छैनन् भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ।

## तालिका १६: सामाजिक संस्थाहरूलाई कार्यक्रम गर्ने अवस्था

| सामाजिक संस्थाहरूलाई कार्यक्रम गर्ने अवस्था | औषत | प्रदेश नं. १ | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक संस्थालाई कार्यक्रम सञ्चालन गर्ने वातावरण सहज छैन | ३.६ | ४.२२ | ४.०० | २.७ | ३.६७ | ३.८५ | ४.७५ | २.११ |
| सरकारले आन्दोलन र प्रदर्शन गर्न असहज बनाएको छ। | ३.७६ | ४.४४ | ४.६७ | ३.१ | ३.९२ | ३.५४ | ४.३८ | २.४४ |
| आन्दोलन र प्रदर्शन गर्न अनुमति अनिवार्य गरेको छ। | ३.६४ | ४.६७ | ५.४४ | ३.३ | ३.०० | ३.३१ | ४.०० | २.२२ |
| आन्दोलन र प्रदर्शन गर्न अनुमति अस्वीकार गरेको छ। | ३.३९ | ३.८९ | ४.४४ | २.९ | २.९२ | ३.३८ | ४.१३ | २.३३ |
| आन्दोलन र प्रदर्शन हिंसात्मक भएका घटना छन् | ३.३३ | ३.६७ | ४.४४ | २.९ | २.४२ | २.८५ | ४.०० | ३.६७ |
| सुरक्षा निकायबाट दमन बढेको छ | ३.९६ | ३.२२ | ५.३३ | ३.३ | ३.०० | ४.०८ | ५.५० | ३.७८ |
| आन्दोलन र प्रदर्शनका क्रममा सुरक्षा निकायबाट हिंसात्मक हुनबाट रोक्ने कार्य भएका छैनन् | ३.५६ | ४.३३ | ५.४४ | २.८ | २.५० | ३.३८ | ४.१३ | २.८९ |
| सामाजिक संस्थामा भन्दा प्रा. लि. मा दर्ता हुने क्रम वृद्धि भएको छ | ३.८ | ४.३३ | ४.५६ | २.० | ४.०८ | ४.३८ | ४.५० | २.६७ |

### लेखाचित्र १६: सामाजिक संस्थाहरूलाई कार्यक्रम गर्ने अवस्था





सरकारले आन्दोलन र प्रदर्शन गर्न असहज बनाएको छ
३.७६
४.४४
४.६७
३.१
३.९२
३.५४
४.३८
२.४४
आन्दोलन र प्रदर्शन गर्न अनुमति अनिवार्य गरेको छ
३.६४
४.६७
५.४४
३.३
३.०
३.३१
४.०
२.२२
आन्दोलन र प्रदर्शन गर्न अनुमति अस्वीकार गरेको छ
३.३९
३.८९
४.४४
२.९
२.९२
३.३८
४.१३
२.३३
आन्दोलन र प्रदर्शन हिंसात्मक भएका घटना छन्
३.३३
३.६७
४.४४
२.९
२.४२
२.८५
४.०
३.६७
सुरक्षा निकायबाट दमन बढेको छ
३.९६
३.२२
५.३३
३.३
३.०
४.०८
५.५
३.७८
आन्दोलन र प्रदर्शनका क्रममा सुरक्षा निकायबाट हिंसात्मक हुनबाट रोक्ने कार्य भएका छैन्
३.५६
४.३३
५.४४
२.८
२.५
३.३८
४.१३
२.८९
सामाजिक संस्थामा भन्दा प्रा. लि. मा दर्ता हुने क्रम वृद्धि भएको छ
३.८
४.३३
४.५६
२
४.०८
४.३८
४.५
२.६७
औषत
प्रदेश नं. १
मधेस
वाग्मती
गण्डकी
लुम्बिनी
कर्णाली
सुदूरपश्चिम

# निष्कर्ष

अध्ययनले मिडिया, सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा राज्यबाट 'थोरै हस्तक्षेप' रहेको देखाएको छ। मिडियामा कर्णाली प्रदेश, सामाजिक संस्थाको सवालमा वाग्मती र कर्णाली प्रदेश एवं सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रताको सवालमा कर्णाली प्रदेशमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको देखिन्छ। प्रदेश नं. १, वाग्मती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा मिडियाको तुलनामा सामाजिक संस्थामाथिको हस्तक्षेप ज्यादा छ भने मधेस र गण्डकी प्रदेशमा सामाजिक संस्थाको तुलनामा मिडियामाथिको हस्तक्षेप बढी रहेको देखिन्छ। सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा भन्दा सामाजिक संस्थाप्रति हस्तक्षेप भएको देखिन्छ। यसको मतलव सामाजिक संस्थाप्रति त्यहाँको सरकार नीतिगतरूपमा अनुदार भए पनि व्यावहारिकरूपमा सामाजिक कार्यकर्ताको क्रियाकलाप सहज रहेको बुझ्न सकिन्छ। तर मधेस प्रदेशमा भने सामाजिक संस्थाको तुलनामा सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा बढी हस्तक्षेप हुनुले त्यो प्रदेशमा सामाजिक कार्यकर्ताहरूले फिल्डमा काम गर्दा ज्यादा असजिलो भोग्नुपरेको अवस्था देखाउँछ।

केन्द्र सरकार मिडिया भन्दा सामाजिक संस्थाप्रति अलि बढी अनुदार भएको पाइन्छ। सङ्घीय सरकारबाट मिडिया, सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक् स्वतन्त्रतामा 'थोरै हस्तक्षेप' भएको बुझाइ छ। चाखलाग्दो पक्ष के छ भने प्रदेश नं. १ बाट प्रदेश नं. ७ (सुदूरपश्चिम) तिर केन्द्र सरकारको मिडियाप्रतिको हस्तक्षेपको मात्रा पनि बढ्दै गएको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा मिडियाप्रति सङ्घीय सरकारको 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ पाइन्छ।

केन्द्र सरकारले विभिन्न प्रदेशमा मिडिया र सामाजिक संस्थामा गरेको हस्तक्षेपलाई तुलना गरेर हेर्दा प्रदेश नं. १, मधेस र लुम्बिनी प्रदेशमा मिडियामा भन्दा सामाजिक संस्थामा ज्यादा हस्तक्षेप भएको पाइयो भने वाग्मती र गण्डकी प्रदेशमा मिडिया र सामाजिक संस्था दुवैप्रतिको हस्तक्षेपको मात्रा बराबरी रहेको पाइयो। त्यस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मिडियाको तुलनामा सामाजिक संस्थाप्रति केन्द्र सरकारको हस्तक्षेपको मात्रा कम रहेको देखिन्छ।

प्रदेश तथा स्थानीय तहबाट पत्रकारले हस्तक्षेप, उत्पीडन वा शारीरिक आक्रमण भने खासै भोगेको पाइएन। सामाजिक कार्यकर्ताको हकमा पनि उस्तै देखियो। पत्रकार र सामाजिक कार्यकर्तामाथि गैरराज्यका प्रतिनिधिहरूको उक्साहटमा होस् वा प्रदेश तथा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको उक्साहटमा हस्तक्षेपकै तहमा आक्रमण नभएको अध्ययनले देखाएको छ।

स्थानीय स्तरमा प्रदेश र स्थानीय सरकारसँगको तुलनामा सङ्घीय सरकारसँग नागरिकको सूचनामा पहुँच बढी कठिन भएको देखिन्छ। नागरिकको सूचना पहुँचमा सङ्घीय सरकारसँगै प्रदेश र स्थानीय सरकारले 'थोरै हस्तक्षेप' गरेको देखिन्छ। अहिले बनेका र बन्दै गरेका कानुनले मिडियालाई सङ्कुचित गर्ने सवालमा 'ठीकै वा मध्यमस्तरको हस्तक्षेप रहेको/रहने' कुरालाई अध्ययनले देखाएको छ। दण्ड जरिवानाको हिसाबले पनि मिडिया कानुनमार्फत मध्यमस्तरको हस्तक्षेप रहेको देखिन्छ। सर्वेक्षणले गण्डकीमा 'अलि बढी नै हस्तक्षेप' रहेको र वाग्मतीलाई सबै भन्दा उदार प्रदेशका रूपमा देखाएको छ।

कानुनले मिडियालाई फौजदारी अभियोगमा कारबाही गर्न बाटो खुला गरेको विषयमा 'थोरै हस्तक्षेप' रहेको बुझाइ छ। कानुनले सेल्फ सेन्सरसिपलाई प्रोत्साहन गरेको विषयमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ देखिन्छ। यो सवालमा लुम्बिनी र गण्डकीमा बढी नै हस्तक्षेप रहेको र सुदूरपश्चिमको हकमा मध्यमस्तरको हस्तक्षेप रहेको देखिन्छ। मिडिया कानुनले सेल्फ सेन्सरसिपलाई प्रोत्साहन

गरेको छ भन्ने धारणा लुम्बिनीमा सबै भन्दा बढी र वाग्मतीमा सबै भन्दा कम छ। त्यस्तै पत्रकारलाई दण्डित गर्ने हिसाबले कानुन ल्याइएको भन्ने बुझाइ पनि लुम्बिनीमा सबै भन्दा बढी र वाग्मतीमा सबै भन्दा कम छ। समग्रमा मिडिया कानुनमा रहेका अस्पष्ट प्रावधानमार्फत मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ भए पनि गण्डकीमा 'अलि बढी नै हस्तक्षेप' र लुम्बिनीमा 'बढी हस्तक्षेप' रहेको देखिन्छ। कानुनमा रहेका अस्पष्ट प्रावधान पत्रकारलाई नियन्त्रण गर्न सकिने किसिमको छ भन्ने बुझाइ लुम्बिनीमा सबै भन्दा बढी छ भने वाग्मती, कर्णाली र सुदूरपश्चिममा कम छ।

मिडिया कानुनले अभिव्यक्ति स्वतन्त्रतामा बाधा पुऱ्याउने काम गरेको छ भन्नेमा समग्रमा मध्यमस्तरको हस्तक्षेप भए पनि गण्डकीमा 'अलि बढी नै हस्तक्षेप', लुम्बिनी र मधेसमा 'बढी हस्तक्षेप' रहेको बुझाइ छ। मिडिया कानुनले अभिब्यक्ति स्वतन्त्रतामा बाधा पुऱ्याउने काम गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ। मिडिया कानुनका कारण इन्टरनेट र सामाजिक सञ्जालबाट हुने अभिब्यक्ति स्वतन्त्रतामा सङ्कुचन हुने अवस्था छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम प्रदेश नं. १ मा छ। त्यस्तै, मिडिया कानुनले समाचार स्रोतको गोपनीयतालाई कानुनीरूपमा सुरक्षा प्रदान गरेको छैन भन्ने बुझाइ पनि सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा नै छ।

निजी सञ्चार माध्यमहरू राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष अनुदान र आर्थिक सहयोगमा निर्भर छन् भन्ने बुझाइ सबै भन्दा बढी प्रदेश नं. १ र सबै भन्दा कम वाग्मती प्रदेशमा छ। निजी सञ्चार माध्यमले सरकारले प्रदान गर्ने अनुदानका लागि आफ्नो सामग्रीमा सम्झौता गर्छन् भन्ने बुझाइ निकै कमजोर छ। त्यस्तै, सरकारले विज्ञापनदातालाई कुनै निश्चित सञ्चार माध्यमलाई सहयोग गर्न दबाब दिने गरेको छ भन्ने बुझाइ पनि कमजोर नै छ। राजनीतिज्ञ र मिडिया मालिकबीचको सम्बन्धका कारण मिडियाले समर्थनमा लेख्छन् भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ। सार्वजनिक महत्त्वको विषयमा सञ्चार माध्यममा कार्यरत पत्रकारले सरकार र मिडिया मालिकबीचको सम्बन्धको सीमामा नरही समाचार लेख्न सक्ने स्वतन्त्रता छ भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम मधेस र गण्डकीमा छ।

पत्रकारहरूलाई प्रभावमा पार्न रोजगारदाताबाहेक अन्य कसैबाट भुक्तानी लिने गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम सुदूरपश्चिममा छ। सञ्चार माध्यमको वस्तुनिष्ठतामा प्रभाव पार्ने गरी पत्रकारहरू विलासिताका कार्यक्रम, प्रेस भ्रमण वा अन्य लाभका गतिविधिमा संलग्न हुन्छन् भन्ने बुझाइ सबै भन्दा बढी मधेस र सबै भन्दा कम वाग्मतीमा छ।

सार्वजनिक महत्त्वको विषय उजागर गर्न खोज पत्रकारिता पर्याप्त मात्रामा विकसित भएको छैन भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम कर्णालीमा रहेको छ। सरकार पत्रकारलाई निगरानी र धम्की दिने कार्यमा संलग्न छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम गण्डकीमा छ। पत्रकारको सुरक्षा अवस्था चिन्ताजनक छ भन्ने बुझाइ पनि सबै भन्दा बढी मधेस प्रदेशमा र सबै भन्दा कम गण्डकीमा छ।

देवानी र फौजदारी अभियोगको डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ। व्यावसायिक प्रतिशोध वा प्रतिष्ठामा आक्रमण हुने डरका कारण पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम वाग्मतीमा छ। भौतिक सुरक्षामा खतरा भएकाले पत्रकारले सेल्फ सेन्सरसिप गर्ने गरेका छन् भन्ने बुझाइ सबै भन्दा बढी गण्डकीमा र सबै भन्दा कम वाग्मतीमा छ।

अहिले भइरहेका कानुनले सामाजिक संस्था तथा नागरिक अधिकारको विकासमा टेवा पुऱ्याउने अवस्था छैन भन्ने बुझाइ सबै भन्दा बढी लुम्बिनीमा र सबै भन्दा कम मधेस प्रदेशमा छ। समग्रमा कानुनका प्रावधानमार्फत सामाजिक संस्था र नागरिक अधिकारमा थोरै हस्तक्षेप रहेको बुझ्न सकिन्छ भने गण्डकीमा समग्रमा भन्दा अलि बढी 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ। अहिले बनेका र बन्दै गरेका सामाजिक सङ्घ/संस्थासम्बन्धी कानुनमा उल्लिखित दण्ड जरिवानामार्फत सामाजिक संस्थाहरूमा थोरै हस्तक्षेप रहेको बुझ्न सकिन्छ। गण्डकी, लुम्बिनी र प्रदेश नं. १ मा मध्यमस्तरको हस्तक्षेप रहेको बुझाइ छ। समग्रमा अहिले बनेका र बन्दै गरेका कानुनले नयाँ सामाजिक संस्था दर्तामा थोरै हस्तक्षेप गरेको बुझाइ छ भने लुम्बिनी प्रदेशमा 'अलि बढी नै हस्तक्षेप' र गण्डकीमा ' मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ। कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्थाहरूलाई सरकारी कार्यालयबाट रोकावट हुने गरी 'थोरै हस्तक्षेप' रहेको बुझाइ छ भने गण्डकी, लुम्बिनी र मधेसमा अलि बढी 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ।

सामाजिक संस्थाहरूलाई कार्यक्रम सञ्चालन गर्ने वातावरण सहज छैन भन्ने बुझाइ कर्णालीमा सबै भन्दा बढी र सुदूरपश्चिममा सबै भन्दा कम छ। समग्रमा सरकारले आन्दोलन र प्रदर्शन जस्ता कार्यक्रमहरूमा 'थोरै हस्तक्षेप' गरेको बुझाइ छ भने मधेस, प्रदेश नं. १ र कर्णालीमा 'मध्यमस्तरको हस्तक्षेप' रहेको बुझाइ छ। सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अनिवार्य गरेको छ भन्ने बुझाइ सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम सुदूरपश्चिम प्रदेशमा छ। सामाजिक संस्थाहरूलाई आन्दोलन र प्रदर्शन गर्न अनुमति अस्वीकार गरेको छ भन्ने बुझाइ पनि सबै भन्दा बढी मधेसमा र सबै भन्दा कम सुदूरपश्चिम प्रदेशमा नै छ।

9 789937 131063

Center *for*
Media Research
NEPAL